प. सं. ७ असार, २०७६

श्रीमान् ओमप्रकाश मिश्रज्यू,
अध्यक्ष, वेपत्ता पारिएका व्यक्तिको छानविन एवम् सत्य निरुपण तथा मेलमिलाप आयोग पदाधिकारी सिफारिश समिति
सिंहदरवार, काठमाडौं ।

**विषय: पीडित केन्द्रित र मानवअधिकारमैत्री समग्र संक्रमणकालीन न्याय प्रक्रियाका सम्वन्धमा पुन: विशेष ध्यानाकर्षण सम्बन्धमा ।**

महोदय,

श्रीमान् अध्यक्षज्यू,

उपरोक्त सम्वन्धमा सशस्त्र द्वन्द्व कालदेखि नै सत्य, न्याय, परिपूरण र संस्थागत सुधारका लागि निरन्तर आवाज उठाउदैं आइरहेका संक्रमणकालीन न्याय प्रक्रियाका प्रमुख सरोकोवाला द्वन्द्व पीडित समुदायको छाता संगठन द्वन्द्व पीडित साझा चौतारीले गत चैत्रमा वेपत्ता पारिएका व्यक्तिको छानविन एवम् सत्य निरुपण तथा मेलमिलाप आयोग पदाधिकारी सिफारिश गर्नका लागि सिफारिस समिति गठन गरिएदेखि नै लिखित एवं मौखिक रुपमा पीडित समुदायका सरोकारहरु राख्दै आएको व्यहोरा स्मरण गर्न चाहन्छौं ।

दुई वर्षको कार्यावधि दिएर २०७१ सालमा गठित वेपत्ता पारिएका व्यक्तिको छानविन एवम् सत्य निरुपण तथा मेलमिलाप आयोग कुनै ठोस र महसुसयोग्य परिणाम दिन असफल भएको एवं एकजना पीडितले पनि न्याय पाउनु त के आयोग आयोग आ$\mathrm{I}$ ना  लागि बनेको हो भन्ने विश्वास समेत गर्न सकेका र पीडित झन्झन् पीडित भइरहेका कारण नै आयोगमा नयाँ पदाधिकारीहरु सिफारिस एवं नियुक्ति गर्नुपरेको तीतो तथ्य जगजाहेरै छ । आयोगका पदाधिकारीहरुको क्षमता, संक्रमणकालीन न्यायमा जानपहिचान नभएकाको बाहुल्यता, कतिपय पदाधिकारी सेवासुविधा एवं व्यक्तिगत प्रचारमा मस्ती, पीडितको पीडामा मलम लगाउन गठित आयोगका कतिपय जिम्मेवार व्यक्ति पीडितलाई नै विभेद गर्ने, कतिपय पदाधिकारीहरुवीच अर्कोको अस्तित्व स्वीकार गरी  आपसमा मिलेर कामै गर्न नसक्ने आन्तरिक कलह, सरोकारवालाहरुको विश्वास, सहकार्य र सहयोगको अभाव, आयोगको कार्यशैली  र कार्यप्रक्रिया संक्रमणकालीन न्यायको मर्म र भावना अनुरुप नभएको एवं सरकारले आवश्यक सहयोग नगरेका कारण आयोगहरु असफल हुन पुगेको  त हुदै हो । यी सबै असफलताको कारणको मुल जड चाहिं आयोगका त्रुटिपूर्ण प्रावधानहरुका विरुद्ध २३४ जना द्वन्द्व पीडितहरुले दर्ता गरेको रिटउपर सर्वोच्च अदालतले २०७१ फागुन १४ मा दिएको परमादेश अनुसार आयोगको ऐन संशोधन नगरिएको माफीप्रधान ऐन एवं अपारदर्शी प्रक्रियाद्वारा दलीय पहुँचका आधारमा संक्रमणकालीन न्यायको विज्ञताभन्दा दलप्रति बफादार व्यक्तिहरुको नियुक्ति गरी आयोग गठन गरिएका कारण द्वन्द्व पीडित, नागरिक समाज तथा मानवअधिकार समुदाय, सञ्चार जगत एवं अन्तर्राष्ट्रिय समुदायले आयोगसंग सहकार्य र विश्वास गर्न नसकेका कारण आयोग असफल भएको तथ्य स्पष्ट छ ।

आयोगमा भागबण्डाका लागि दलहरुवीच गहन छलफलहरु भइरहेको सुनिएको छ । समग्र संक्रमणकालीन न्याय र आयोग प्रक्रिया सफल हुनका लागि सरकार र राजनैतिक दलहरुको साथ र सहयोग अपरिहार्य छदैछ । सरकार र राजनैतिक दलको साथ र चाहनाले मात्र  संक्रमणकालीन न्याय र  आयोग प्रक्रिया सफल नहुने र संक्रमणकालीन न्याय र  आयोग प्रक्रिया सफल हुनका लागि प्रमुख सरोकारवाला द्वन्द्व पीडित लगायतका सरोकारवाला पक्षहरुको साथ, सहयोग, सहकार्य र समन्वय अनिवार्य र अपरिहार्य रहेको तथ्य विगत ४ वर्षको पुष्टि गरेको तथ्य सरकार र राजनैतिक दलहरुलाई स्मरण गराउन चाहन्छौं । ऐन संशोधनको कुनै प्रक्रिया नै आरम्भ नगरी र सरोकारवालाहरुको विश्वास र सहकार्यको वातावरण नबनाई प्राविधिक ढंगले ५/५ जना पदाधिकारी सिफारिस र गठन गरिने आयोगको परिणाम हिजोको जस्तै असफल हुने तथ्य पुन:स्मरण गराउदैं द्वन्द्वसंग सरोकार नभएर पनि विनासित्ततमा सर्वस्व गुमाउन र पीडित हुन पुगेका पीडित नागरिकहरुप्रतिको दायित्व आत्मसात गरी सरोकारवालाहरुको सहकार्य र स्वीकार्यतामा आगामी कदमहरु चाल्नका लागि सरकार र राजनैतिक दल समक्ष अनुरोध गर्न चाहन्छौं । संक्रमणकालीन न्याय केवल प्राविधिक र कानुनी प्रक्रिया मात्र नभएर पीडित समुदायको प्रक्रियामा सहभागिता, आत्मसम्मान र अपनत्वसंग अन्तर्निहित  भावनात्मक र मनोवैज्ञानिक प्रक्रिया समेत

भएकोले संक्रमणकालीन न्यायलाई सङ्क्रमणकालीन न्यायको सिद्धान्त, विस्तृत शान्ति सम्झौताको उद्देश्य र सरोकारवालाहरूको भावनाअनुरूप निष्कर्षमा पुऱ्याउन तथा अवको प्रक्रियालाई सफल बनाउन विगतको समग्र प्रक्रियाको असफलताको वस्तुनिष्ठ समीक्षा र पुनरावलोकन गरी द्वन्द्वपीडित केन्द्रित र मानव अधिकारमैत्री प्रक्रिया अवलम्वन गर्नु अपरिहार्य रहेको चौतारीको दृष्टिकोण र अडान पुनः स्मरण गर्न चाहन्छौं । २०७१ सालदेखि नै सबै सरोकारवालाहरुले सर्वोच्च अदालतको फैसला बमोजिम ऐन संशोधन गर्न माग गरिरहेको एवं विगत २/२ महिनादेखि आयोग खाली रहेको अवस्थामा समेत ऐन संशोधनको कुनै प्रक्रिया अगाडि नबढ्नुबाट सरोकारको जवाफदेहीप्रति समेत प्रश्न उठेको छ । तसर्थ आयोगहरु असफलताको कारण माफीप्रधान ऐन नै भएकोले यस अन्तिम अवसरलाई पूर्ण सदुपयोग गरी संक्रमणकालीन न्याय प्रक्रियालाई सफल बनाउनका लागि अविलम्व द्वन्द्व पीडितलगायत सरोकारवालाहरूसंग गम्भीर परामर्श एवं नेपालको संविधान, विस्तृत शान्ति सम्झौता र सर्वोच्च अदालतको परमादेश, नेपाल पक्ष राष्ट्र भएका तथा नेपालले हस्ताक्षर गरेका मानव अधिकारसम्बन्धी महासन्धि र अभिसन्धिहरूका आधारमा कानुन संशोधन गरिनु पर्छ । सबै सरोकारवालाहरुको सहकार्यमा गरिने ऐन संशोधनले सरोकारवालाहरुवीच विश्वास र सहकार्यको वातावरण बन्दछ ।

सर्वोच्च अदालते २०७० मा दिएको मार्गनिर्देशक सिद्धान्त वमोजिम पूर्ण पारदर्शी र विश्वसनीय सार्वजनिक छनौट प्रक्रिया एवं स्पष्ट मापदण्डका आधारमा दलीय प्रभाव र दवावबाट मुक्त भएरमानवअधिकार तथा संक्रमणकालीन न्यायका क्षेत्रमा विज्ञता भएको, द्वन्द्व पीडितका मुद्दाहरु आत्मसात गर्न सक्ने तथा पीडितको संवेदनशीलतालाई समेत मनन् गर्न सक्ने, राजनीति एवं मानवअधिकार बुझेको, समूहमा मिलेर काम गर्न सक्ने, सामाजिक छवि भएको, निपक्ष्, स्वतन्त्र, व्यावशायिक, सम्बन्धित विषयमा विज्ञता/विशेषज्ञता भएको तथाकुनै पनि राजनीतिक दलप्रति आवद्ध नभएका तथा दलीय स्वार्थभन्दा माथि उठ्न सक्ने न्यायिक मन भएका योग्य, सक्षम, क्षमता भएका, विश्वसनीय र निष्पक्ष व्यक्तित्वहरूलाई सिफारिश गर्न अन्तिमपटक हार्दिक अनुरोध गर्दछौं । ४ वर्षसम्म पनि कुनै ठोस परिणाम दिन र आपसमा मिलेर काम गर्न समेत नसकेकै कारण आयोग असफल बनाएर पीडितलाई झनै पीडित बनाएका कारण आयोग पुनर्गठन गर्नुपरेको तथ्य जगजाहेर हुदाहुदै तिनै पदाधिकारीलाई पुन आयोगमा ल्याएर पुरस्कृत गरिएमा आम पीडित समुदायलाई कुनै हालतमा स्वीकार्य नहुने तथ्य पुनः स्पष्ट पार्न चाहन्छौं ।

सर्वोच्च अदालतमा फैसला पुनरावलोकनका लागि सरकारले पेश गरेको निवेदन तत्काल फिर्तागरी अविलम्व कानुन संशोधनको विश्वसनीय प्रक्रिया शुरु गर्न नेपाल सरकारसंग पूनः जोडदार माग गर्दछौं । यदि कानुन संशोधन नगरी पीडित समुदायलाई भुलभुलैयामा राखेर गठन गरिने आयोग पीडित समुदायलाई मान्य नहुने र न्यायका अन्य विकल्प अबलम्वन गर्न बाध्य हुने तथ्य समेत पुनः जानकारी गराउन चाहन्छौं ।

अन्त्यमा, स्थापित न्यायिक सिद्धान्तका आधारमा संक्रमणकालीन न्याय प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनका लागि सरकार, राजनैतिक दल, सिफारिश समिति एवं सरोकारवाला पक्षहरुसंग अर्थपूर्ण सहकार्य गर्नका लागि द्वन्द्व पीडित साझा चौतारी सदैव तत्पर रहेको अनुरोध गर्न चाहन्छौं ।

**बोधार्थ**

१.सम्माननीय केपी शर्मा ओलीज्यू, प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौं ।

२. माननीय पुष्पकमल दाहालज्यू, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी, केन्द्रिय कार्यालय, धुम्बाराही, काठमाडौं ।

३. माननीय शेर बहादुर देउवाज्यू, सभापति, नेपाली कांग्रेस, केन्द्रिय कार्यालय, सानेपा, ललितपूर ।

४.माननीय भानुभक्त ढकालज्यू, मन्त्री, कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

५. माननीय अनुपराज शर्माज्यू, अध्यक्ष, राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपूर ।

जनकबहादुर राउत
महासचिब
९८५७०४७०६२

भागीराम चौधरी
अध्यक्ष
९८५८०२७७४७